रुरु गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः २ संख्याः १ मितिः २०७५/०६/२६(अतिरिक्तांक)


भाग-१

रुरु गाउँपालिका

गुल्मी

५ नं.प्रदेश

## रुरु गाउँपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७५

सम्बत २०७५ को कार्यविधि नं. १ गाउँसभाबाट पारित मिति :२०७५।०६।२६

# रुरु गाउँपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधी, २०७५

**प्रस्तावनाः** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिकरुपले विपन्न, निरपेक्ष गरिवीको रेखामुनि रहेका, दीर्घरोगी, हिंसा पिडित, अशक्त, असहाय, दुर्घटनामा परेका, घरगोठ आगलागी भएका, वाढी, पहिरो, चट्याङ, विधुतीय झट्का लगायत प्राकृतिक तथा मानवीय प्रकोप दैविक प्रकोपमा परेका, विपन्नताका कारण औषधि उपचारवाट बंचित, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडी, स्थानीय स्तरमा हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका आयोजक लगायत समस्याग्रस्त नागरिकको लागि दिइने आर्थिक सहायताको लागि आर्थिक सहायता सम्वन्धी कार्यविधि वनाउन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी रुरु गाउँपालिकाको मिति २०७५।६।२६ मा बसेको चौथो गाउँसभाले यो कार्यविधी बनाएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ- (१) यस कार्यविधिको नाम “ रुरु गाउँपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२.परिभाषा- विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क) "गाउँपालिका" भन्नाले रुरु गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) "गाउँ कार्यपालिका" भन्नाले रुरु गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले आर्थिकरुपले विपन्न, निरपेक्ष गरिवीको रेखामुनि रहेका, दीर्घरोगी, हिंसा पिडित, अशक्त, असहाय, दुर्घटनामा परेका, घरगोठ आगलागी भएका, वाढी, पहिरो, चट्याङ विधुतीय झट्का लगायत प्राकृतिक र मानवीय प्रकोपमा परेका, विपन्नताका कारण औषधि उपचारवाट वंचित, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी हुने खेलाडी, स्थानीय स्तरमा हुने खेलकुद तथा सांस्कृतिक कार्यक्रमका आयोजक लगायत समस्याग्रस्त नागरिक, जनप्रतिनिधी र कर्मचारी समेतलाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष" भन्नाले रुरु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ङ) "न्यायिक समिति" भन्नाले रुरु गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रुरु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद -२

## आर्थिक सहायता सम्वन्धी मापदण्ड

३.(१) दिर्घरोगी तथा विपन्नताको कारण औषधी उपचार गर्नवाट वंचित हुनु परेका नागरिकको सन्दर्भमा पिडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

(२) उपखण्ड १ वमोजिम प्राप्त निवेदन उपर छानविन गरि पीडित व्यक्तिको अवस्था हेरी रु.५०००/- (अक्षरुपी पाच हजार रुपैया) देखि रु. ५००००/- (अक्षरुपी पचास हजार रुपैया) सम्म आर्थिक सहायता गर्न सकिनेछ ।

(३) उपखण्ड २ वमोजिमको आर्थिक सहायता मध्ये रु.२००००/- (अक्षरुपी विस हजार रुपैया) सम्मको आर्थिक सहायता अध्यक्षसंगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले उपलव्ध गराउन सक्नेछ र सो को अनुमोदन गाउँ कार्यपालिकाको वैठकले गर्ने छ र सो भन्दा माथिको आर्थिक सहायता गाउँ कार्यपालिकाको निर्णय वमोजिम दिइने छ ।

(४) आर्थिक सहायता प्राप्त गर्ने पिडित व्यक्तिले उपचारका विल भर्पाइ पेश गर्नु पर्नेछ ।

**४.हिंसा पिडित तथा वेचविखनमा परेका महिला तथा वालवालिकालाई सहायता**

(१) हिंसा पीडित तथा वेचविखनमा परेका महिला तथा वालवालिकाको तत्काल उद्धार गरी जीवन यापनको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार वढिमा रु.१००००/-(अक्षरुपी दस हजार रुपैया) सम्म आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

५. जनप्रतिनिधीलाई आर्थिक सहायता

(१). मुटु, फोक्सो,कलेजो,क्यान्सर,मृगौला आदि जस्ता गंभिर प्रकृतिको वा दीर्घरोगको उपचार गराउनु पर्ने वा शल्यक्रिया गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय अनुसार अवस्था हेरी जनप्रतिनिधीहरुलाई कम्तिमा रु.१००००/- (अक्षरुपी दश हजार ) देखि वढिमा रु.२५००००/- (अक्षरुपी दुइ लाख पचास हजार रुपैया) सम्म उपचार खर्चका लागि आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

(२). आर्थिक सहायता प्राप्त गर्ने जनप्रतिनिधीले उपचारका विल भरपाई पेश गर्नुपर्नेछ ।

६.गाउँपालिकामा कार्यरत कर्मचारीलाई आर्थिक सहायता

(१). खण्ड ५ को उपखण्ड १ वमोजिमको उपचारको लागि कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कम्तिमा रु.१००००/- (अक्षरुपी दश हजार) देखि वढिमा रु. १५००००/- (अक्षरुपी एक लाख पचास हजार रुपैया) सम्म उपचार खर्चका लागि आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्ने कर्मचारीले उपचारका विल भरपाई पेश गर्नुपर्नेछ ।

७.(१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा खेलकुद र सांस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लव वा संघ संस्थालाई आर्थिक सहायतता प्रदान गरिने छ ।

(२) स्थानीयरुपमा संचालन हुने प्रतियोगितात्मक खेलमा सहभागी हुने खेलाडीहरुको टिमलाई वढिमा रु.६०००/-(अक्षरुपी छ हजार रुपैया) सम्म आर्थिक सहायतता उपलव्ध गराउन सकिनेछ र यस्तो सहायतता वडा कार्यालय मार्फत उपलव्ध हुनेछ ।

(३) राष्ट्रिय स्तरका खेलमा सहभागी हुने खेलाडीलाई दुरीको आधारमा वढिमा रु.१००००/-(अक्षरुपी दश हजार) सम्म आर्थिक सहायतता उपलव्ध गराउन सकिनेछ ।

(४) अन्तर्राष्ट्रिय स्तरका खेलमा सहभागी हुने खेलाडीहरुलाई वढिमा रु.३००००/-(अक्षरुपी तीस हजार रुपैया) सम्म आर्थिक सहायतता उपलव्ध गराउन सकिनेछ । यस्तो सहायतता एक आर्थिक वर्षमा खेलाडी वा खेलाडीहरुको समूह वा खेलमा सहभागी गराउने संघ/संस्था वा क्लबलाई एक पटक भन्दा वढी उपलव्ध गराईने छैन ।

(५) स्थानिय स्तरमा खेलकुद तथा जनचेतनामूलक सांस्कृतिक कार्यक्रम संचालन गर्ने क्लव वा संघ संस्थालाई वढिमा रु.२००००/- (अक्षरुपी वीस हजार रुपैया) सम्म आर्थिक सहायतता उपलव्ध गराउन सकिनेछ । यस्तो सहायतता उक्त कार्यक्रम संचालन गर्ने क्लव वा संघ संस्थालाई एक आर्थिक वर्षमा एक पटक भन्दा वढी उपलव्ध गराईने छैन ।

(६) उपखण्ड (२) देखि (५) सम्मको आर्थिक सहायतताको लागि निवेदन र आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

८. प्राकृतिक वा मानव सृजित प्रकोप (वाढी, पहिरो, आगलागि, दुर्घटना, भूकम्प, चट्याङ्ग पर्नु, बिधुतिय झट्कावाट अंग भंग हुनु, घर भत्किनु ,आदि ) वाट पीडितहरुलाई आर्थिक सहायतता:

(१) प्राकृतिक वा मानव सृजित प्रकोप (वाढी, पहिरो, आगलागि, दुर्घटना, भूकम्प, चट्याङ्ग पर्नु, बिधुतिय झट्कावाट अंग भंग हुनु, घर भत्किनु, आदि ) वाट पीडित व्यक्ति वा परिवारहरुलाई देहायका आधारमा आर्थिक सहायतता उपलव्ध गराइनेछ ।

(क) प्रकोपवाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकका नजिकको हकवालालाई वढिमा रु. १०००००/- ( अक्षरुपी एक लाख मात्र) ।

(ख) प्रकोपवाट घरवास भत्किई वा आगलागी भई आंशिक वा पुरै क्षति भएमा रु.१००००/-(अक्षरुपी दश हजार) देखि रु.३००००/- (अक्षरुपी तीस हजार रुपैया) सम्म ।

(ग) प्रकोपमा परि कुनै व्यक्तिको अंगभंग भई आंशिक वा पूर्ण अशक्त, अपांगता भएमा रु.१००००/-( अक्षरुपी दश हजार) देखि रु.३००००/- (अक्षरुपी तीस हजार रुपैया) सम्म ।

(घ) प्रकोपवाट वालीनाली आंशिक वा पुरै नष्ट भएकोमा क्षतिको अवस्था हेरि रु.२०००/-(अक्षरुपी दुई हजार) देखि रु.१५०००/- (अक्षरुपी पन्ध्र हजार रुपैया) सम्म ।

(ङ) प्रकोपवाट पशु चौपायाको क्षति भएकोमा क्षतिको अवस्था हेरि रु.२०००/-(अक्षरुपी दुइ हजार) देखि रु.२५०००/- (अक्षरुपी पच्चिस हजार रुपैया) सम्म ।

(च) वाढी पहिरोमा परि परिवार विस्थापित हुने अवस्था भएमा रु. रु.१००००/-(अक्षरुपी दश हजार) देखि रु.३००००/- (अक्षरुपी तीस हजार रुपैया) सम्म ।

(२) उपखण्ड (१) वमोजिमको आर्थिक सहायता प्राप्त गर्नको लागि पीडितले प्रहरी रिपोर्टको साथै आवश्यक प्रमाण, कागजात सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपखण्ड (२) वमोजिमको आर्थिक सहायताको लागि निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक परेमा स्थलगत निरीक्षण समेत गरी रु.२००००/-(अक्षरुपी बीस हजार) सम्म अध्यक्षसंग समन्वय गरी प्रमुख प्रशासकीय अधिकृतले उपलव्ध गराउन सक्नेछ र सोको अनुमोदन कार्यपालिकाको वैठकले गर्नेछ र सो भन्दा माथिको रकम कार्यपालिकाको निर्णयवाट उपलव्ध गराइनेछ ।

९. खण्ड ८ को आर्थिक सहायताको सम्वन्धमा व्यक्ति वा परिवारको असावधानी वा लापर्वाहीवाट क्षेती भएकमा कुनै पनि सहायता उपलव्ध हुने छैन ।

१०. विद्यार्थीको लागि छात्रवृत्ती, पाठ्यपुस्तकमा अनुदान आदि आर्थिक सहायता गाउँ शिक्षा समिति तथा वडा कार्यालय मार्फत गर्दा वडा शिक्षा समितिको सिफारिस अनुसार गाउँपालिकाले गर्न सकिने छ ।

## परिच्छेद -३
## विविध

११. निवेदनको ढाँचा- खण्ड ३,४,५,६,७ र ८ अनुसार सहायता पाउन अनुसुची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

१२. अधिकार प्रत्यायोजन गर्न सकिने- यस कार्यविधि अनुसार आर्थिक सहायता सम्वन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले गाउँपालिकाको अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

१३. आकस्मीक कोष- (१).यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैर प्राकृतिक प्रकोप पिडीतलाई राहत,उद्धार तथा पुर्नस्थापना गर्ने र अन्य आकस्मीक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मीक कोषको स्थापना गरिनेछ ।

(२). आकस्मीक कोषमा देहायको रकम जम्मा गरिनेछ ।

क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारवाट आकस्मीक कोषको लागि प्राप्त अनुदान ।

ख) सरकारी तथा गैरसरकारी संघसंस्थावाट आकस्मीक कार्य ( आर्थिक सहायता, प्रकोप पीडित राहत ) को लागि प्राप्त सहयोग वा अनुदान ।

ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम ।

(३). कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

(४).आकस्मीक कोष सम्वन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

१४.खारेजी र वचाउः यो कार्य विधी लागु हुनु अगाडि भए गरेका आर्थिक सहायता सम्वन्धि कार्यहरु यसै कार्य विधी वमोजिम भए गरेको मानिनेछ ।

अनुसुची -१

( दफा ११ सँग सम्वन्धित )

मिति-

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रुरु गाउँपालिका ,गुल्मी ।

विषय- आर्थिक सहायता उपलव्ध गराईदिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................रोगले ग्रसित भई ...................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलव्ध गराई निशुल्क उपचारको लागि सम्वन्धित निकायमा सिफारिस गरिदिनुहुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौ ।

तपसिल

१. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/...............को प्रतिलिपी ।

२. अस्पतालको रिपोर्ट ।

३.............................

निवेदक

| क.सं. | नाम,थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसुची -२

( दफा ११ सँग सम्वन्धित )

मिति-

श्रीमान् अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रुरु गाउँपालिका ,गुल्मी ।

विषय- आर्थिक सहायता उपलब्ध गराईदिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा

म/हामी....................................भएको/.....................व्यक्ति............................भएको व्यहोरा अवगत गराउँदछु/ छौं ।...............................को आर्थिक अवस्था नाजुक भएको, तत्काल ..........................................गर्न जरुरी रहेकोले ................................को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई ..............................समेत गरिदिनुहुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखि पेश गर्दछु/गर्दछौ ।

तपसिल

१. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/...............को प्रतिलिपी ।

२. ............................................

३.............................

निवेदक

| क्र.सं. | नाम,थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

प्रमाणिकरण मिति :२०७५।०६।२६

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत